फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ति

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय डोल प्रसाद अर्याल र मलेसिया सरकारका गृह मन्त्री महामहिम Datuk Seri Saifuddin Nasution Ismail बीच आज काठमाण्डौमा औपचारिक भेट तथा छलफल सफलतापूर्वक सम्पन्न भयो।

भेटका क्रममा माननीय डोल प्रसाद अर्यालज्यूले मलेसियामा कार्यरत नेपाली श्रमिकहरुको सेवाशर्त, स्वास्थ्य सुविधा तथा कार्यवातावरणका सम्बन्धमा स्वदेशी तथा विदेशी कामदारहरुवीच समान व्यवहारका लागि समकक्षीसमक्ष अनुरोध गर्नुभयो। यसैक्रममा माननीय मन्त्रीज्यूले नेपाल सरकार र मलेसिया सरकारबीच सम्पन्न द्विपक्षीय श्रम समझदारीको नवीकरण तथा संयुक्त कार्यसमितिको नियमित बैठक गरी श्रमसम्बन्धी सवालहरुको द्विपक्षीय निराकरणका लागि अनुरोध गर्नुभयो। यसैगरी Fair and Ethical Recruitment Policy को प्रभावकारी कार्यान्वयन गर्न, सम्झौता बमोजिमका सेवा-शर्त तथा सुविधा नेपाली श्रमिकहरुलाई उपलब्ध गराउन, मलेसियामा कार्यरत नेपाली श्रमिकहरुलाई सामाजिक सुरक्षा प्रणाली (SOCSO) मा पूर्णरुपमा आवद्ध गराउन, सुरक्षा गार्डमा खटिने नेपाली श्रमिकहरुलाई खटिएको समय र क्षमता अनुसार सम्मानयोग्य तलब प्रदान गर्न, औपचारिक माध्यमको प्रयोग गरी रेमिट्यान्स नेपाल पठाउने कार्यमा मलेसियास्थित बैंक तथा वित्तीय संस्थाहरुलाई सहजीकरण गर्ने विषयमा छलफल भयो।

छलफलको क्रममा मलेसियाका महामहिम गृहमन्त्रीले मलेसिया सरकारका तर्फबाट दुइ देशबीच भएको श्रम समझदारी कार्यान्वयन गर्न आफूहरु प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। यसैक्रममा महामहिमज्यूले मलेसिया सरकारले हालै ल्याएको Foreign Workers Employment Relaxation Plan एवं Illegal/Undocumented Foreign Workers Recalibration Plan का सम्बन्धमा जानकारी गराउँदै उक्त योजना कार्यान्वयनमा सहयोगका लागि नेपाल सरकारलाई अनुरोध गर्नुभयो।

नेपालको प्रस्ताव स्वीकार्दै नेपाली श्रमिकहरुको सामाजिक सुरक्षा, स्वास्थ्य लगायतका अन्य सेवा-शर्त प्रवर्द्धनका लागि मलेसिया सरकार प्रतिवद्ध भएको र द्विपक्षीय श्रम समझदारीको नवीकरण प्रक्रिया अगाडि बढाउन यसै वर्ष नेपालमा संयुक्त कार्यसमितिको बैठक बस्न समेत महामहिमज्यूले प्रतिबद्धता व्यक्त गर्नुभयो। भेटघाट कार्यक्रममा नेपाल सरकारका तर्फबाट गृह मन्त्रलयका सचिव श्री विनोद प्रकाश सिंह, परराष्ट्र मन्त्रालयका निमित्त सचिव श्री लोक बहादुर थापा एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षा. मन्त्रालयका निमित्त सचिव श्री डण्डुराज घिमिरे सहित उच्च पदस्थ कार्मचारीहरुको उपस्थिति थियो भने मलेसिया सरकारका तर्फबाट गृह मन्त्रालयका डेपुटी सचिव, इमिग्रेसन विभागका महानिर्देशक लगायतका उच्च पदस्थ पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

मिति:-२०७९ माघ २० गते

डण्डुराज घिमिरे
सहसचिव/प्रवक्ता